# समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणाली र नेपालमा यसको प्रयोग

**डा. सुषमा बाँस्कोटा बराल**

वरिष्ठ अधिवक्ता । Email: baralsushma@yahoo.com

## लेखसार

नेपालको संविधान, २०७२ ले निर्वाचन प्रणालीका बारेमा स्पष्ट व्यवस्था गरेको छ भने प्रतिनिधि सभाको निर्वाचनको सम्बन्धमा पनि यसले व्यवस्था गरेको पाइन्छ । यसले प्रत्यक्ष (FPTP) र समानुपातिक (PR) गरी दुई प्रकारले प्रतिनिधि छानिएर सदनमा आउने व्यवस्था गरेको छ । प्रत्यक्ष (FPTP) प्रणालीका लागि देशलाई १६५ विभिन्न भौगोलिक क्षेत्रमा विभाजन गरिएको छ । यी प्रत्येक क्षेत्रहरूबाट सबैभन्दा बढी मत प्राप्त गर्न सफल व्यक्ति प्रतिनिधि सभाका सदस्यमा छानिन्छन् र १६५ जना प्रतिनिधिले सदनमा प्रतिनिधित्व गर्छन् । समावेशी प्रतिनिधित्वको निर्वाचन प्रणालीमा भने सिङ्गो देशलाई एक क्षेत्र मानेर दललाई मतदान गरिन्छ र दलले प्राप्त गरेको मतका आधारमा प्रतिनिधि सभामा ११० जना प्रतिनिधि चुनिएर आउँछन् । यस समानुपातिक प्रणालीमा कानुनले तोकेबमोजिम क्रमानुसार बन्दसूची निर्वाचन आयोगमा तोकिएको समयमा बुझाइन्छ र पछि दलले प्राप्त गरेको मतको आधारमा सिट बितरण गरिन्छ । २०७९ को निर्वाचनमा सबैभन्दा बढी मत नेकपा एमालेले ल्याएर ३४ जना सदस्यलाई प्रतिनिधि सभामा पठाएको पाइन्छ भने नेपाली काङ्ग्रेसले दोस्रो बढी मत प्राप्त गरेर ३२ जना सदस्यलाई प्रतिनिधि सभामा पठाएको छ । यसैगरी माओवादीले १४ जना प्रतिनिधि पठायो भने राष्ट्रिय स्वतन्त्र पार्टी १३ जना प्रतिनिधि पठाउन सफल भयो । यसरी नै राष्ट्रिय प्रजातन्त्र पार्टीले ७ जना, जनमत पार्टीले ५ जना र जनता समाजवादी पार्टी (जसपा) ले पनि ५ जना नै प्रतिनिधि पठाएका छन् । सैद्धान्तिक हिसाबमा हेर्दा यो व्यवस्था राम्रो देखिए पनि व्यावहारिक रूपमा भने जनताको मन जित्न त्यति सफल भएको देखिँदैन । शक्तिमा भएका नेताहरूले नाताबाद र कृपाबादलाई पनि मुख्य आधार बनाई जेष्ठता, योग्यता र क्षमताको बेवास्ता गरी बन्दसूचीमा आआफ्ना नातेदारको नाम राखेकाले, चुनाव जित्ने आँट नभएका तथा पहिलाको निर्वाचनमा हारेका व्यक्तिहरूलाई समावेशीतर्फ बन्दसूचीमा स्थान दिएकाले तथा अवसर खोज्दै अर्को दलबाट आएकालाई पनि मौका दिएकाले यस व्यवस्थाको दुरूपयोग भएको धेरैको ठम्याइ छ । यसैले यस प्रणालीलाई सवल बनाउने हो भने नेताहरू निष्पक्ष बन्न सक्नुपर्छ भन्ने निष्कर्ष यस लेखमा प्रस्तुत गरिएको छ ।

## शब्द कुञ्जी

संविधान, निर्देशिका, प्रत्यक्ष प्रणाली, समानुपातिक व्यवस्था, बन्दसूची, खुलासूची आदि

## अनुसन्धान समस्या

नेपालमा समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीका आधारमा चुनाव भइ सदस्यहरू प्रतिनिधि सभामा निर्वाचित भएर गए तापनि यो कस्तो व्यवस्था हो,यसका फाइदा र बेफाइदा केके छन् र नेपालमा यसको अवस्था के छ भन्ने बारेमा खासै अनुसन्धान भएको पाइँदैन । यिनै समस्याहरूको समाधानका लागि नै यो लेख तयार गरिएको हो ।

## अनुसन्धानको उद्देश्य

समानुपातिक सिद्धान्त भनेको के हो, यसबारे विद्वानहरूको धारणा के कस्ता छन्,यसका फाइदा बेफाइदाहरू केके छन्,र नेपालमा यसको प्रयोग कसरी भइरहेको छ भन्ने स्पष्ट पार्नु नै यस लेखको उद्देश्य रहेको छ।

## शोधविधि

प्रस्तुत लेखको तयारीका सिलसिलामा गुणात्मक (qualitative) विधिलाई मूल रूपमा अवलम्बन गरिएको छ। नेपालको संविधान, २०७२ र प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९ पुस्तकहरूको प्रयोग गरिएको छ भने समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीको परिचय दिने क्रममा अन लाईनबाट सामग्री लिइएको छ। यी सामग्रीहरू द्वितीय सामग्रीका रूपमा आएका छन्। निर्वाचन आयोगले प्रकाशन गरेको समानुपातिक सदस्यहरूको नाम भने प्राथमिक स्रोतबाट लिइएको सामग्री हो। निर्वाचनका बेला लेखक स्वयंले गरेको सर्भेक्षण पनि प्राथमिक स्रोतअन्तर्गत पर्छ।

## विषयप्रवेश

लोकतान्त्रिक प्रतिनिधित्वमा बहुदलीय सहभागिता सुनिश्चित गर्न विश्वभर नै धेरै किसिमका निर्वाचन प्रणालीहरू अपनाइने गरेको पाइन्छ। केही देशमा प्रत्यक्ष (पहिलो हुने निर्वाचित हुने, first past the post -FPTP) निर्वाचन प्रणाली अपनाइन्छ भने केही देशमा समानुपातिक निर्वाचन प्रणाली (Proportional Representation-PR) अपनाइएको पाइन्छ। त्यस्तै, केही देशहरूमा भने माथिका दुवै प्रणाली प्रयोगमा ल्याइएको देखिन्छ। यस्तो निर्वाचन प्रणालीलाई मिश्रित निर्वाचन प्रणाली (additional electrol system) भनिन्छ, जुन हाम्रो देश नेपालमा हाल प्रयोगमा रहेको निर्वाचन प्रणाली हो। समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत पनि एकल सङ्क्रमणीय निर्वाचन प्रणाली (single transferable vote-STV),बन्दसूची प्रणाली (closed list system) र खुलासूची प्रणाली (open list system)आदि पर्दछन्। समानुपातिक प्रणालीका विभिन्न रूपहरू मध्ये कुनैले विभिन्न राजनीतिक पार्टीहरूको अनुपातिक प्रतिनिधित्व सुनिश्चित गर्छन्। केही प्रणालीहरूले भने व्यक्तिगत उम्मेदवारहरू चयन गर्ने अवसर पनि दिने गर्छन्। अनुपातिकता (propartionality) को स्तर पनि सबै देशमा एकैनासको पाइँदैन। सिट वितरण गर्ने सूत्र पनि फरकफरक पाइन्छ।

यसरी हेर्दा विश्वभर धेरै प्रकारका निर्वाचन प्रणालीहरू प्रयोगमा आएको देखिन्छ। हाम्रो देश नेपालले प्रत्यक्ष र समानुपातिक प्रणाली दुवै अर्थात् मिश्रित प्रणाली अपनाएको छ भने यो लेख चाहिँ समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीमामात्र केन्द्रित छ। नेपालमा समानुपातिक प्रतिनिधित्वको प्रणालीको संवैधानिक व्यवस्था कस्तो छ, कसरी प्रतिनिधिहरूको चयन गर्नुपर्ने भनिएको छ, अनि नेपालमा यसको व्यावहारिक पक्ष कस्तो छ र व्यावहारिक पक्ष सैद्धान्तिक पक्षसँग मेल खान्छ कि खाँदैन ? प्रयोग कसरी गरिएको छ ? यसको सफल पक्ष र असफल पक्ष केके हुन ? यो लेखमा यिनै कुराहरू केलाउने प्रयास गरिएको छ।

## समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीको परिचय

समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीले त्यस्तो निर्वाचनको प्रणालीलाई जनाउँछ, जसमा कुनै पनि पार्टी वा उम्मेदवारले प्राप्त गरेको मतको अनुपातअनुसार सिटहरू वितरण गरिन्छ। यो समानुपातिक प्रतिनिधित्वको (proportional representation-PR) निर्वाचन प्रणालीप्रत्यक्ष अर्थात् पहिलो हुने निर्वाचन हुने निर्वाचन प्रणाली (first past the post-FPTP)जस्ता बहुमतमा आधारित प्रणालीको विकल्पमा आउने

प्रणाली हो । (UK engage, august 5,2013) । यस प्रणालीमा राजनीतिक दल, समूह वा उम्मेदवारले पाएको मतको अनुपातमा संसदमा सिटहरूको वितरण गर्ने गरिन्छ । यसमा मतको न्यायोचित प्रतिनिधित्व हुन्छ भन्ने मान्यता छ । यसमा समावेशिताका महत्त्वपूर्ण विशेषता हुन्छन् । त्यसैले यो प्रणाली अपनाउँदा मत खेर जाँदैन भन्ने विश्वास छ । बहुमत ल्याउन नसके पनि उम्मेदवारहरू संसदमा पुग्न सक्छन् । यस प्रणालीमा प्रत्येक दलले पाएको मतअनुसार संसदमा सिट वितरण गरिन्छ । साना दल, महिला, अल्पसंख्यक,अपाङ्ग सबैले यस प्रणाालीमा अवसर पाउँछन् । मत दाताले दल वा सूचीभित्र भएका उम्मेदवारहरूलाई मत दिन्छन् । उक्त प्राप्त मतको प्रतिशतअनुसार सिट सुरक्षित गरिन्छ । प्राप्त मतका आधारमा सिट सुरक्षित हुनेभएकाले यो प्रणालीलाई सुरक्षित प्रणाली पनि भन्ने गरिएको छ । समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीबारे विभिन्न परिभाषा पनि दिइएका छन् र तीमध्ये केही हुन :

- प्रत्येक पार्टीका लागि सम्पूर्ण रूपमा वितरण हुने गरी जनताको समर्थन रहनेगरी छानिने त्यस्तो छनौटको प्रणालीलाई समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणाली भनिन्छ,जसले प्रत्येक पार्टीका जनताको समर्थनका लागि प्रतिनिधित्व गराउने निकायको निर्माण गर्छ ("proportional Representation", 2025) ।
- समानुपातिक प्रतिनिधित्वको प्रणाली त्यस्तो चुनाबी प्रणाली हो, जसमा प्रत्येक पार्टीलाई खसेको पूरा मतको आधारमा सिटको वितरण गरिन्छ ("proportional Representation, nd") ।
- समानुपातिक प्रतिनिधित्वको सिद्धान्त विभिन्न प्रतिनिधि छान्ने त्यस्तो चुनावी व्यवस्था हो जहाँ जनताले आफ्ना लागि भोट दिन्छन् ("proportional Representation,explained", 2023) ।
- समानुपातिक प्रतिनिधित्वको सिद्धान्त बहुसदस्यीय चुनावी प्रणाली(multy member electorales) को यस्तो मतदानको व्यवस्था हो जहा जनताका प्रतिनिधिका रूपमा एकभन्दा बढी व्यक्ति आआफ्ना स्थानमा निर्वाचित हुन्छन् (“State Gorvement, nd").
- माथिका परिभाषाहरूलाई निम्न बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ ।
- प्रत्येक पार्टीका विभिन्न समूहको सहभागिताका लागि निकाय निर्माण गर्ने प्रणाली,
- खसेको पूरा मतका आधारमा मत खेर नजाने गरी सिटको वितरण गरिने प्रणाली,
- जनताले आफ्ना समूहका लागि मत दिने प्रणाली,
- आफ्ना प्राप्त मतका आधारमा आफ्ना स्थानअनुसार निर्वाचित हुने प्रणाली ।

समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीलाई विश्वका १३० भन्दा बढी देशहरूले प्रयोग गरेका छन् (Ridley-castle,March 2023). युरोपमा त यो धेरै प्रयोगमा छ । यो प्रणाली प्रयोग गर्ने देशहरूको उदाहरणमा, नेदरल्याण्ड्स, इजरायल, स्वीडेन, फिनल्याण्ड, बेल्जियमस, दक्षिण अफ्रिका र ल्याटिन अमेरिकाका उरुग्वे, पेरु र बोलिभियाजस्ता राज्यहरूलाई लिन सकिन्छ । यी देशहरूले समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणाली पूर्ण रूपमा प्रयोगमा ल्याएका छन् । समानुपातिक प्रतिनिधित्वको (proportional representation-PR) निर्वाचन प्रणाली र पहिलो हुने निर्वाचन हुने, प्रत्यक्ष (first past the post-FPTP) निर्वाचन प्रणाली तथा अन्य निर्वाचन प्रणाली दुवै अपनाउने देशहरू पनि धेरै छन् । यस्ता दुवै प्रणाली अपनाउने (additional member electrol system) वा मिश्रित निर्वाचन प्रणाली अपनाउने देशहरूमा हाम्रो देश नेपाललगायत जापान, जर्मनी, न्युजिल्याण्ड, मेक्सिको, कोलम्बिया, आदि छन् । यसरी नै पहिलो हुने निर्वाचन हुने, प्रत्यक्ष

निर्वाचन (first past the post -FPTP) प्रणालीमात्र अपनाउने देशहरू पनि धेरै छन्,जसको उदाहरणमा संयुक्त राज्य अमेरिका, क्यानडा र संयुक्त अधिराज्यलाई लिन सकिन्छ। मिश्रित निर्वाचन प्रणाली अपनाउने देशहरू सबैमा पनि एकै किसिमको व्यवस्था गरिएको पाइँदैन। कुनै देशमा ५० प्रतिशत प्रत्यक्ष निर्वाचनबाट निर्वाचित हुन्छन् भने ५० प्रतिशत समानुपातिक निर्वाचनबाट छानिएर आउँछन्। त्यस्तै, कतै भने समानुपातिक प्रणाली र प्रत्यक्ष प्रणालीबाट फरक हुने गरी अर्थात् कम र बढी हुने गरी दुई प्रणालीबाट प्रतिनिधि संसदका लागि पठाउने व्यवस्था गरिएको हुन्छ। दुवै प्रणालीबाट बराबर प्रतिनिधि पठाउने देशको उदाहरणमा जर्मनीलाई लिन सकिन्छ। जर्मनीमा प्रत्यक्ष र समानुपातिक दुवै निर्वाचन प्रणालीबाट बराबर प्रतिनिधिको चयन गरिन्छ। त्यस्तै, दुइटा निर्वाचन प्रणालीबाट फरक सङ्ख्यामा प्रतिनिधि चयन गर्ने देशहरू पनि धेरै छन्। यसको उदाहरणमा हाम्रो देश नेपाल पनि पर्दछ। नेपालमा समानुपातिक प्रतिनिधित्वको (proportional representation-PR) निर्वाचन प्रणालीबाट ११० जना प्रतिनिधि र पहिलो हुने निर्वाचित हुने (First Past the post-FPTP) निर्वाचन प्रणालीबाट १६५ जना प्रतिनिधि गरेर जम्मा २७५ सदस्य प्रतिनिधि सभाका लागि चयन गर्ने व्यवस्था **नेपालको संविधान**,२०७२ ले गरेको छ। समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीका धेरै फाइदाहरू देखेर नै नेपालले पनि ११० प्रतिनिधिको चयन यो प्रणालीबाट गर्ने व्यवस्था गरेको देखिन्छ।

समानुपातिक प्रतिनिधित्वको प्रणालीका फाइदाहरू धेरै छन्। यस प्रणालीबाट थोरै मत प्राप्त गर्ने दलहरू र स्वतन्त्र उम्मेदवारहरूलाई पनि संसदमा पुग्ने अवसर प्राप्त हुनसक्छ। यो प्रणालीले विभिन्न लिङ्ग,जाति, समुदाय र वर्गलाई संसदमा प्रतिनिधित्व गर्दै स्थान सुरक्षित गर्छ। यसले मतदाताको सहभागिता बढाउन र राजनीतिक उदासिनता घटाउन सक्छ भन्ने मान्यता छ। थोरै मतमा विजयी हुने प्रत्यक्ष निर्वाचनमा धेरै मत खेर जाने हुन्छ तर यो प्रणालीमा भने सबै प्राप्त मतको प्रतिशतका आधारमा सिट सुरक्षित गरिने हुँदा मत खेर जाँदैन। यसरी अधिक मतहरू उपभोगमा आउने भएकाले जनताको इच्छालाई अधिक प्रतिनिधित्व यो समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीबाट हुने गर्छ भनिएको हो। अधिक मतहरू उपयोगमा आउने भएकाले जनताका इच्छालाई बढी प्रतिनिधित्व गर्नसक्छ। यो प्रणालीमा हुने एक दललाई स्पष्ट बहुमत नदिए पनि नीतिनिर्माणमा सहमति र स्थायित्व ल्याउने अवसर दिन सक्छ। प्रस्तुत विशेषताका कारण यस प्रणालीलाई नेपालले अवलम्बन गरेको हो। यस प्रणालीका फाइदालाई बुदागतरूपमा निम्नबमोजिम देखाउन सकिन्छ (“Advantages of PR System," nd):,

- सूचीका आधारमा निर्वाचन गरिने हुँदा साना दलहरूलाई राजनैतिक पार्टी हुन पनि यसले सहयोग पर्‍याउँछ,
- अल्पसंख्यक र साना पार्टीहरूको संसदमा प्रतिनिधित्व सुनिश्चित हुन्छ,
- स्थानीय क्षेत्राधिकारलाई नियन्त्रण गर्छ र प्रत्यक्ष प्रणालीबाट आउने दलको एकल नियन्त्रण कमजोर हुन्छ,
- ठूलो क्षेत्रको प्रतिनिधित्व गर्ने भएकाले नीतिनिर्माणमा स्थायित्व हुन्छ,
- दलहरूबिच शक्ति बाँडफाँड धेरै हुछ र स्वार्थ समूह धेरै पारदर्शी हुन्छ,
- लोकतान्त्रिक विविधता र सहभागिता बढाउँछ,
- प्रत्यक्ष प्रणालीमा मत खेर जान्छ तर यसमा मत खेर जाँदैन।

यस समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीको धेरै फाइदा देखिएकै कारण नेपालमा यो प्रणाली लागु गरिएको पाइन्छ। त्यसैले त अहिले प्रत्यक्ष प्रणालीबाट विजयी हुन नसक्ने धेरै महिला तथा पुरुषहरू विभिन्न

कोटाबाट आउन सफल भएका छन् । यसलाई राम्रो पक्ष मान्नु .पर्छ । यसरी राम्रा पक्षसँगै यसका नराम्रा पक्ष पनि धेरै छन् । अझ हाम्रो जस्तो मिश्रित प्रणाली भएका देशमा यसको बेफाइदा झनै धेरै देखिन्छ । यसको कारण के हो भने कुनै पनि दललाई बहुमत प्राप्त गर्न गारो हुने हुँदा सरकार सधैँ अल्पमतमा रहन सक्छ र सरकार चलाउन गारो हुन्छ । मिलिजुली सरकारका कारण आवश्यक विधेयक पास गर्न पनि सधैँ किचलो भै रहन्छ । जसलाई नेपालको वर्तमान अवस्थाले पनि प्रमाणित गरेको छ । यस्तो व्यवस्थामा राम्रो काम गर्छु भन्ने दल पनि शक्तिभन्दा बाहिर हुन सक्ने भएकाले विकासको गतिमा अवरोध उत्पन्न हुनसक्छ । अतिवादी सोच भएका दलहरूको पनि प्रतिनिधित्व हुन सक्ने भएकाले राष्ट्रिय अहितको सम्भावना धेरै हुन्छ । त्यस्तै, समानु-पातिक प्रणालीमात्र अवलम्बन गरेको देशमा त निश्चित भूगोलबाट प्रतिनिधि नआउने भएकाले प्रतिनिधिको क्षेत्रसँग सम्बन्ध बिचछेद हुन्छ । यसले गर्दा क्षेत्रगत विकासमा बाधा उत्पन्न हुनसक्छ । यस्तो अवस्थामा प्रतिनिधि र क्षेत्रका मतदाताबिच सिधा सम्बन्ध हुन नसक्ने भएकाले मतदाता अभिभावकविहीन भए झैँ देखिन्छन् यसलाई बुदाँगत रूपमा हेर्दा निम्नबमोजिम देखिन्छ (“Electoral System", nd)ः

- प्रायः एउटै दलले एकल सरकार बनाउने अवस्था नहुने हुँदा मिलिजुली सरकार बन्ने अवस्था हुनु,
- जनताका लागि आवश्यक विधेयक पनि पास हुन नसक्ने अवस्था आउनु,
- राम्रो कार्य गर्न चाहने दल पनि शक्ति बाहिर हुने अवस्था आउनु,
- प्रतिनिधि र क्षेत्रका मतदाताबिच सम्बन्ध नहुने हुँदा मतदाताका आवश्यक कुरा पनि संसदमा पुग्ने अवस्था नहुनु,
- अतिवादी दलको प्रवेश पनि संसदमा हुन सक्ने भएकाले देशमा अस्थिरताको अवस्था सिर्जना हुनु ।

## नेपालमा समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीको संवैधानिक व्यवस्था

समानुपातिक निर्वाचन प्रणाली भन्नाले सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी दललाई मत दिने र प्रत्येक दलले प्राप्त गरेको कूल मत सङ्ख्याको अनुपातमा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदबार प्रतिनिधि सभाको सदस्यमा निर्वाचित हुने निर्वाचन प्रणाली सम्झिनुपर्दछ (**नेपाल सरकार**, २०७९, २ त) **नेपालको संविधान**, २०७२ ले “.... आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ । (**नेपालको संविधान** २०७२, प्रस्तावना) यसरी संविधानको प्रस्तावनामा नै समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा देशको समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न खोजेको पाइनुले समानुपातिक प्रणालीको पक्षमा रहेको देखिन्छ । देशलाई सञ्चालन गर्न यस संविधानले २७५ सदस्य रहने प्रतिनिधि सभाको व्यवस्था गरेको छ । २७५ जना सदस्यमध्ये १६५ जना सिङ्गो नेपाललाई भूगोल र जनसङ्ख्याको आधारमा १६५ निर्वाचन क्षेत्र कायम गरी प्रत्येक क्षेत्रबाट एक एक जना सदस्य निर्वाचित हुने गरी पहिलो हुने निर्वाचन हुने निर्वाचन प्रणाली (FPTP)बमोजिम १६५ संसद सदस्य र सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्रमानी राजनीतिक दलहरूलाई मत दिने समानुपातिक निर्वाचन प्रणालीबमोजिम ११० गरी जम्मा २७५ सदस्य निर्वाचन गर्ने व्यवस्था संविधानमा गरिएको” छ (**नेपालको संविधान**, २०७२, धारा ८४) । समानुपातिक रूपमा सबैको सहभागिता गराउन संविधानमा प्रत्येक राजनीतिक दलहरूले समानुपातिक प्रतिनिधित्वका लागि उम्मेदवारी दिँदा जनसङ्ख्याका आधारमा महिला, दलित, आदिवासी, जनजाति, खस, आर्य, मधेशी, थारु,

मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानुनबमोजिम गर्ने भन्ने व्यवस्था संविधानमा गरिएको छ (**नेपालको संविधान**,२०७२, धारा ८४,२) । यसरी उम्मेदवारी दिँदा भूगोल र प्रादेशिक सन्तुलनलाईसमेत ध्यान दिनुपर्ने छ भनिएको छ (**नेपालको संविधान**, २०७२,८४,२ । यतिमात्र होइन संविधानले नै स्पष्ट पार्नका लागि खस आर्य भन्नाले ब्राम्हण,क्षेत्री,ठकुरी र सन्यासी (दशनामी) समुदायसमेत् सम्भिनुपर्ने भन्ने व्यवस्थासमेत पनि गरिदिएको छ (**नेपालको संविधान**, २०७२, धारा ८४, २ को स्पष्टिकरण) । त्यस्तै, यस संविधानले अपाङ्गता भएका व्यक्तिको समेत् प्रतिनिधित्व गराउनुपर्छ भन्ने सोचेर बन्दसूचीमा अपाङ्ग व्यक्तिहरूको पनि नाम सूचीकृत गर्नुपर्ने व्यवस्था गरेर सबैका लागि संसदमा पुग्ने बाटो खोलिदिएको छ (**नेपालको संविधान**,२०७२, धारा ८४,३) । यसरी संविधानले नै प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने सदस्यहरूको निर्वाचन कानुनबमोजिम गोप्य मतदानबाट गर्ने व्यवस्था गरेको छ (**नेपालको संविधान**,२०७२,धारा ८४, ४) । राष्ट्रिय सभाको सदस्य हुन ४५ वर्ष उमेर पुगेको हुनुपर्ने भए पनि प्रतिनिधि सभाका लागि उम्मेदवार हुने सदस्यको उमेर भने २५ वर्षमात्र पुगेको भए हुने व्यवस्था संविधानले गरेको छ। त्यस्तै, नैतिक पतन देखिने फौजदारी कसूरमा सजायँ नपाएका, संघीय कानुनले अयोग्य नठहराएका र कुनै पनि लाभको पदमा बहाल नरहेको व्यक्तिलेमात्र उम्मेदवारी दिन सक्ने व्यवस्था पनि संविधानमा नै गरिएको छ, (नेपालको संविधान, २०७२, धारा ८७, १, ङ) । यसरी उम्मेदवारी दिएका उम्मेदवारहरूलाई १८ वर्ष उमेर पुगेका प्रत्येक नेपाली नागरिकले कुनै पनि एक निर्वाचन क्षेत्रबाट मतदान गरी नेता चयन गर्न सक्ने व्यवस्था कानुनमा गरिएको छ, (**नेपालको संविधान**,२०७२,**धारा ८४ को उपधारा ५**) । यसरी नै प्रतिनिधि सभालाई समावेसी बनाउन यस संविधानले संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाई सदस्य महिला हुनै पर्ने व्यवस्था एकातिर गरेको छ (**नेपालको संविधान**, २०७२,धारा ८४ को उपधारा ८) भने अर्कोतिर प्रत्यक्ष (FPTP) निर्वाचन प्रणालीबाट निर्वाचित सदस्यहरूमध्ये कुनै राजनीतिक दलको निर्वाचित महिला सदस्यको संङ्ख्या एक तिहाई नपुगेमा त्यस्ता राजनीतिक दलले समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीबाट नै भए पनि महिलाको प्रतिनिधित्व एक तिहाई पुऱ्याउनै पर्ने व्यवस्था संविधानमा गरिएको छ (**नेपालको संविधान**, २०७२,धारा ८४ को उपधारा ८) । यस्ता प्र**ावधान**हरूले गर्दा पनि यो समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीको महत्त्व बढ्न पुगेको हो । यसरी **नेपालको संविधान**, २०७२, ले यो समानुपातिक निर्वाचन प्रणालीबाट समावेसी प्रतिनिधित्व सुनिश्चित गराउन राम्रो व्यवस्था गरेको छ । निर्वाचन हुनुभन्दा तोकिएको दिन अगाडि प्रत्येक दलले संविधानबमोजिम महिला, जनजाति, आदिवासी, मधेशी, मुस्लिम सबै समुदायबाट प्रतिनिधित्व हुने गरी बन्दसूची तयार गरी निर्वाचन आयोगमा बुझाउनुपर्छ। यसरी बन्दसूची पेस गर्दा दलहरूले यो प्रणालीबमोजिम उम्मेदवार हुन योग्यता पुगेको व्यक्तिको नाम समावेश गरी तोकिएको समयभित्र निर्वाचन अधिकृत समक्ष यसरी बुझाउँदा कम्तीमा ११ जना र बढीमा ११० जना उम्मेदवारहरूको नाम बुझाउनुपर्ने व्यवस्था गरेको पाइन्छ। सो सूचीमा दलित १३.८ प्रतिशत, आदिबासी जनजाति २८.७ प्रतिशत,खस आर्य ३१.२ प्रतिशत,मधेशी १५.३ प्रतिशत, थारु ६.६ प्रतिशत र मुस्लिम ४.४ प्रतिशत हुनै पर्ने व्यवस्था गरिएको छ। यतिमात्र होइन उक्त प्रतिशतसहितको सूचीमा समावेशी समूहबाट कम्तीमा ५० प्रतिशत महिलाको नाम समावेश गर्नुपर्ने व्यवस्था एकातिर गरिएको छ भने अर्कोतिर कम्तीमा ४. ३ प्रतिशत पिछडिएको क्षेत्रको उम्मेदवार हुनुपर्ने पनि भनिएको छ (**नेपाल सरकार**, २०७९, को १३ (३) क)।

यसरी तयार पारेको बन्दसूचीअनुसार निर्वाचन सम्पन्न भएपछि दलहरूले प्राप्त गरेको मतको आधारमा दलहरूले सिट प्राप्त गर्दछन् । उम्मेदवार छनौट गर्दा बन्दसूचीमा प्रस्तुत गरिएको क्रमअनुसार गर्नुपर्छ । यदि कुनै दलले एक सिट पनि ल्याउन सकेन भने त्यस्तो, दलको जमानतसमेत जफत हुने व्यवस्था पनि गरिएको छ (**नेपाल सरकार**, २०७९,को ४२) ।

यसरी संविधानको व्यवस्थालाई हेर्दा राजनीतिक दलहरूले बन्दसूची तयार गर्दा इमानदार, नैतिकवान, दक्ष र सक्षम व्यक्तिको छनौट गर्न सक्नुपर्छ । सरकार सञ्चालन गर्न जाने प्रतिनिधिहरू, नीति तर्जुमा गर्न जाने नेतृत्व वर्ग कसैको गलत सिफारिस, चाकडी चाप्लुसी र नातावाद कृपावादका आधारमा गरिनु हुँदैन । संसदमा भिड जम्मा गर्ने हैन विद्वान र नैतिकवान व्यक्तिको चयन गर्नु पर्छ जसले राज्य सञ्चालनमा सत्मार्ग देखाउन सकून् । राजनीतिलाई पेसा सम्भनेलाई हैन, सेवा सम्भनेलाई नेतृत्व तहले चयन गर्न सक्नुपर्छ ।

## समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीको व्यावहारिक अवस्था

२०७९ साल मंसिर ४ गते भएको समानुपातिक प्रतिनिधित्वको निर्वाचनमा तीन प्रतिशतभन्दा बढी मत ल्याएर सात वटा दल राष्ट्रिय दल बन्न सफल भएका छन् । एमाले पार्टीले सबैभन्दा बढी २८ लाख ४५ हजार ६४१ मत प्राप्त गर्न सफल भएका कारण ३४ सिट पाउन सफल भयो भने नेपाली काङ्ग्रेस पार्टीले २७ लाख १५ हजार २२५ मत पाएका कारण ३२ सिट प्राप्त गर्‍यो । यसरी नै ११ लाख ७५ हजार ६०४ मत ल्याएको माओवादीले १४ सिट पायो । ११ लाख ३० हजार ३४ मत ल्याएको राष्ट्रिय स्वतन्त्र पार्टीले १३ सिट प्राप्त गर्न सफल भयो । यसरी नै राष्ट्रिय प्रजातन्त्र पार्टीले ७ सिट, जनमत पार्टीले ५ सिट र जनता समाजवादी पार्टी (जसपा) ले पनि ५ सिट प्राप्त गर्‍यो । यसरी समानुपातिक प्रतिनिधित्वको निर्वाचनबाट ११० प्रतिनिधिहरू प्रतिनिधि सभामा पुगेका छन् ।

एमाले पार्टीबाट चयन भएका ३४ जना प्रतिनिधिहरूमा आदिवासी जनजाति कोटाबाट देवीप्रसाद भट्टचन, हेमराज राई, कालुराम राई, नैनकला थापा मगर, सूर्यकुमारी श्रेष्ठ, उर्मिला थेबे, ईश्वरी घर्ती, रणकुमारी बलाम्पाकी मगर, शान्ति श्रेष्ठ र.सरस्वती सुब्बा गरेर १२ जना छन् भने खसआर्य कोटाबाट छानिएकामा रघुजी पन्त, एकनाथ ढकाल,दयालबहादुर शाही, मेनुका कुमारी पोखरेल, सरिता भुसाल, शोभा ज्ञवाली,बिजुला रायमाझी, निर्मला कोइराला,सम्भना थपलिया, दीपा शर्मा र सुनिता बराल गरेर ११ जना छन् । त्यस्तै, थारुकोटाबाट.अस्मा कुमारी चौधरी र, शान्ति चौधरी दुई जना छानिएका छन् । दलित कोटाबाट पनि ईश्वर बहादुर रिजाल, प्रभु हजारा दुसाध,चन्द्रबहादुर विश्वकर्मा, रुक्मिणी राना बराइली र हर्कमाया विश्वकर्मा गरी ५ जना छानिएका छन्। मधेशी कोटाबाट गंगाप्रसाद यादव, अमृतलाल राजवंशी, बीना देवी, अमृतादेवी अग्रहरि र प्रतिक्षा तिवारी गरी ५ जना छन् । त्यस्तै मुस्लिम कोटाबाट सराज अहमद फारुकी गरी एमालेले ३४ जना समानुपातिक प्रतिनिधिहरूको छनौट गरेको पाइन्छ (निर्वाचन आयोग, २०७९) ।

नेपाली काङ्ग्रेस पार्टीका तर्फबाट ३२ जना समानुपातिक प्रतिनिधिका रूपमा छानिएका छन् । आदिबासी जनजाति कोटाबाट ८ जना सदस्य सरस्वती वजिमय, लीला देवी वोखिम लिम्बु, सीताकुमारी राना, सुशीला थिङ, सपना राजभण्डारी, माया राई, कुसुम देवी थापा र मनोरमा शेरचन र अन्जनी श्रेष्ठ छन् । त्यस्तै, खस आर्य कोटाबाट अम्बिका बस्नेत, सरिता प्रसाई, आरजू राणा देउवा, ईश्वरी देवी न्यौपाने, प्रतीमा गौतम,मञ्जु खाण,रमा कोइराला पौडेल, कान्तिका सैजुवाल र मैना कार्की गरेर ९ जना प्रतिनिधि चयन गरेको छ । यसरी नै मधेशी

कोटाबाट ५ जना नागिना यादव, मुक्ताकुमारी यादव, चन्दा चौधरी,सँगीता मण्डल धानुक र निनुकुमारी कर्ण प्रतिनिधि सभाका सांसद भएका छन् । त्यस्तै, दलित कोटाबाट शान्ति बिक,रूपा बिक,सीता मिजार र आशा बिक ४ जना प्रतिनिधि छानिएका छन् । थारु कोटाबाट कल्पना चौधरी र बिना कुमारी थनेत प्रतिनिधि सभामा पुगेका छन् । यसरी नै मुस्लिम कोटाबाट एक जना जावेदा खातुन जागा छानिएकी छन् । यसरी यस पार्टीमा २९ जना महिलाले प्रतिनिधित्व गर्ने मौका पाएको देखिन्छ । नेपाली काङ्ग्रेस पार्टीले ३ जनामात्र पुरुषलाई समानुपातिक प्रतिनिधित्व गराएको छ । ती तीनजना पुरुष प्रतिनिधिहरू जीवन परियार दलित कोटाबाट, विमलेन्द्र नीधि मधेशी कोटाबाट र प्रकाशशरण महत खस आर्य कोटाबाट छानिएका हुन् । यसरी २९ महिला र ३ पुरुष गरी ३२ जना प्रतिनिधि प्रतिनिधि सभामा काङ्ग्रेसले पठाएको देखिन्छ (निर्वाचन आयोग, २०७९) ।

यसरी नै माओवादी पार्टीले १४ जना प्रतिनिधिमध्ये आदिवासी जनजातिबाट दुर्गा राई, मीन तामाङ,उर्मिला माझी पौडेल, छिरिङ ल्यामु लामा (तामाङ), खस आर्य समूहबाट हितराज पाण्डे (पुरुष),ज्ञानु बस्नेत सुबेदी, विमला सुवेदी, नारायणी शर्मा, थारु समुदायबाट रूपा सो.सी (चौधरीं) दलित समुदायबाट रणेन्द्र वराली र सुशीला श्रीपाली ठकुरी, मधेशी समुदायबाट मीना यादव र अमरावती देवी त्यस्तै,मुश्लिम समुदायबाट कल्पना मियाँ कुसारी गरी १४जना प्रतिनिधि बनेका छन् (निर्वाचन आयोग, २०७९) ।

यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले दलित कोटाबाट सन्तोष परियार रशिव नेपाली,आदिबासी जनजाति कोटाबाट डा. ढाकाकुमार श्रेष्ठ, इन्दिरा राना मगर र सुमना श्रेष्ठ खस आर्य कोटाबाट डा. चन्दा कार्की, भण्डारी, डोलप्रसाद अऱ्याल, निशा डाँगी रबिनिता कठायत, मधेशी कोटाबाट लक्ष्मी तिवारी र मनिष झा, थारु कोटाबाट आशेक कुमारचौधरी र मुस्लिम कोटाबाट असिम शाहगरि जम्मा १३ जना प्रतिनिधि पठाएको छ (निर्वाचन आयोग, २०७९) ।

राष्ट्रिय प्रजातन्त्र पार्टीबाट छानिएका सदस्यहरू मध्ये खस आर्य (पुरुष)बाट पशुपति शमशेर जबरा,आदिबासी जनजाति पुरुषबाट बुद्धिमान तामाङ, खस आर्य महिलाबाट रोशन कार्की र गीता बस्नेत, जनजाति महिलाबाट वीना लामा, मधेशी महिलाबाट विना जैसवाल र दलित महिलाबाट अनिशाा नेपाली गरी सातजना छानिएका छन् ।

यसरी नै जनमत पार्टीका तर्फबाट पनि मधेशी कोटाबाट अनीता देवी, खस आर्य कोटाबाट गोमा लाभ (सापकोटा), आदिवासी कोटाबाट बिनिताकुमारी सिंह र दलित कोटाबाट सोनु मुर्मु र अब्दुल खाँन प्रतिनिधि सभामा सांसद भएर पुगेका छन् भने ५ जना प्रतिनिधि नै पठाउन सफल जनता समाजवादी पार्टी (जसपा) ले प्रकाश अधिकारी, सुशीला श्रेष्ठ, रेखा यादव, रञ्जु कुमारी झा र सहनाज रहमानलाई क्रमशः खस आर्य पुरुष कोटाबाट,आदिबासी कोटाबाट,मधेशी कोटाबाट र मुस्लिम कोटाबाट प्रतिनिधि छानेर पठाएका छन्का छन् (निर्वाचन आयोग, २०७९) ।

यसरी समानुपातिक प्रतिनिधित्वको प्रणालीबाट छानिएर गएका११० जना प्रतिनिधि कोटाअनुसार गएका सबै ठिक छन् त, के नैतिकवान देश र जनतालाई माया गर्ने इमान र स्वाभिमान भएका व्यक्तिहरूको छनौट भएको छ त र दक्षता, क्षमता र योग्यता भएका व्यक्ति देशलाई अगाडि बढाउन लागि परेकाहरूको नै चयन भएको छ त भन्नेजस्ता प्रश्नहरूको जवाफ पाउन नेकपा एमाले र नेपाली काङ्ग्रेस दुई दलको उम्मेदवारी चयनलाई नमूना मानेर स्पष्ट पार्ने प्रयास गरिएको छ ।

## नेकपा एमाले पार्टीको प्रतिनिधि छनौटको अवस्था

नेकपा एमालेबाट आएका धेरै प्रतिनिधिहरूका सम्बन्धमा विवाद नदेखिए पनि कतिपय प्रतिनिधिहरूका सम्बन्धमा जनताले प्रश्न उठाएको पाइन्छ । यस्ता प्रश्नहरू पत्रपत्रिका तथा यूट्यूब तथा अन्य सामाजिक सञ्जालहरूमा पढ्न सुन्न तथा हेर्न सकिन्छ ।

समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीबाट निर्वाचित भएर आएका प्रतिनिधिहरूको सूचीलाई केलाउँदा कतिपय नेताका पत्नीहरू, कतिपय पहिलेको चुनावमा जनताले मत नदिएका कारण प्रत्यक्ष निर्वाचनमा पराजित भएका नेताहरू र अवसर खोज्दै अर्को पार्टीबाट आएका नेताहरूलाई विभिन्न समूहमा राखेर चयन गरेको देखिन्छ । यसको उदाहरणमा खसआर्य कोटाबाट छानिन सफल मेनकाकुमारी पोखरेल एमाले नेता शंकर पोखरेलकी पत्नी हुन भने आदिबासी जनजाति कोटाबाट छानिएकी नैनकला थापा नेता रामबहादुर थापा बादलकी पत्नी हुन् । त्यस्तै,थारु कोटाबाट छानिएकी आश्माकुमारी चौधरी पनि नेता लौटन चौधरीकी पत्नी हुन् । यसरी पतिहरू पार्टीको माथिल्लो तहमा भएकै कारण उनीहरूका पत्नीहरू छनौटमा पर्नुलाई सैद्धान्तिक रूपमा कोटाअनुसार मिलेको देखिए पनि एउटै परिवारबाट यसरी छानिनुलाई विज्ञहरूले उपयुक्त ठानेका छैनन् । त्यस्तै, पटकपटक पार्टी फेर्दै हिँड्ने अवसरवादीहरूको छनौट भएको देखिन्छ । यसको उदाहरणमा पहिला परिवार दलबाट संसद भएका एकनाथ ढकाल हुन भने अर्को पहिले जनता समाजवादी पार्टीको कार्य कारिणी सदस्य भएका हेमराज राई, हुन् । यिनी पहिला जसपाबाट राष्ट्रिय सभामा उम्मेदवार पनि भएका व्यक्ति थिए । अचम्म त उनी २०४८ र २०५१ मा भने एमाले नै थिए । त्यस्तै, थारु कोटाबाट छानिएकी शान्ति चौधरी र दलित कोटाबाट छानिएका चन्द्रबहादुर विश्वकर्मा पनि माओवादीबाट एमालेमा प्रवेश गरेका व्यक्तिहरू हुन् । यसरी नै प्रतीक्षा तिवारी मुखिया त माओवादीबाट सांसद नै भइसकेकी व्यक्ति हुन् । त्यस्तै,अमृतलाल राजवंशी पनि पहिलो र दोस्रो संविधान सभामा नेपाली काङ्ग्रेसबाट सांसद भएका व्यक्ति हुन् । .भने अमृता अग्रहरि राजपाबाट संसद भएसकेकी व्यक्ति हुन् । यस्ता व्यक्तिहरूलाई प्रतिनिधिका रूपमा छनौट गनुलाई जनताले नैतिक प्रश्नको रूपमा लिएका छन् । यसरी नै अरू सक्षम कार्यकर्ता नै नभएझैं गरी २०४८ र २०७४ को निर्वाचनमा पराजित भएका रघुजी पन्त र २०७४ सालमा सिराहाबाट हारेका गंगाप्रसाद बराललाई प्रतिनिधि बनाउनुलाई पनि जनताले खासै रुचाएको पाइँदैन (Nepal, 2025) ।

## नेपाली काङ्ग्रेस पार्टीको प्रतिनिधि छनौटको अवस्था

समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीमा नेपाली काङ्ग्रेस पार्टीको सूची हेर्दा पनि एमाले पार्टीले जस्तै कतिपय नेताका पत्नी, पहिले चुनाव हारेका व्यक्ति र दल परिवर्तन गरी आएका अवसरवादी व्यक्तिहरूलाई प्रतिनिधि पठाएको पाइन्छ । २९ जना महिलामा ३ जनामात्र पुरुष छनौट गर्दा परेका प्रकाशशरण महत खस आर्य कोटाबाट छानिएका उनी काठमाडौँ ३बाट पहिला पराजित व्यक्ति हुन् । त्यस्तै, दलित कोटाबाट छानिएका जीवन परियार पनि कास्की १बाट पहिला पराजित भएका व्यक्ति नै हुन् । मधेशी कोटाबाट छानिएका विमलेन्द्र निधि पनि धनुषाबाट पहिला पराजित भैसकेका व्यक्ति हुन् । त्यस्तै, महिला कोटाका सम्बन्धमा हेर्दा आरजू राणा देउवा एकातिर पहिला कैलालीबाट पराजित व्यक्ति हुन भने अर्कोतिर नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाकी धर्मपत्नी पनि हुन् । त्यस्तै, नेता बालकृष्ण खाणकी पत्नी मञ्जु खाण र नेता स्व. नवीन्द्रराज भण्डारीकी पत्नी सपना राजभण्डारी पनि नेताका पत्नी भएकै कारण समावेशितामा परेका

हुन् । त्यस्तै, पराजित भएकाहरूलाई चयन गरिएको सन्दर्भमा हेर्दा पनि कैलालीबाट पहिला पराजित ईश्वरी न्यौपाने, काठमाडौँ ३बाट पहिला पराजित भएकी अम्बिका बस्नेत र माधवकुमार नेपालबाट पहिला पराजित भएकी प्रतिमा गौतमलाई नेपाली काङ्ग्रेसले छनौट गरेको देखिन्छ (Nepal, 2025) ।

अन्य पार्टीहरूमा पनि यस्तो किसिमको अवस्था देखिन्छ ।

## ५. निष्कर्ष तथा सुझाव

समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीमा राजनीतिक दल, समूह वा उम्मेदवारले पाएको मतको अनुपातमा संसदमा सिटहरूको वितरण गर्ने गरिन्छ । यसमा समावेशिताका महत्त्वपूर्ण विशेषता हुन्छन् । त्यसैले यो प्रणाली अपनाउँदा मत खेर जाँदैन भन्ने विश्वास छ । बहुमत ल्याउन नसके पनि उम्मेदवारहरू संसदमा पुग्न सक्छन् । यस प्रणालीमा प्रत्येक दलले पाएको मतअनुसार संसदमा सिट वितरण गरिन्छ । साना दल, महिला, अल्पसंख्यक,अपाङ्ग सबैले यस प्रणाालीमा अवसर पाउँछन् । यिनै विशेषताहरूले गर्दा **नेपालको संविधान**,२०७२अनुसार नेपालले यो प्रणाली पनि अपनाएको छ । १६५ सिट प्रत्यक्षबाट छानिन्छन् भने ११० सिट यस प्रणालीबाट छानिन्छन् । विभिन्न जाति, समूह, वर्ग लिङ्गको आधारमा कोटा निर्धारण गरिन्छ भने क्रमबद्ध रूपमा बन्दसूची प्रकाशन गरिन्छ र निर्वाचनपछि प्राप्त मतका आधारमा प्रतिनिधि छानिन्छन् । यसरी छानिएकै कारण आज संसद सदस्यमा विविधता देख्न पाइएको छ । थारु, मुस्लिम, जनजाति, आदिवासी, दलित र खस आर्य कोटाबाट नयाँ अनुहारले पनि संसदमा प्रवेश पाएका छन् । संसद पुग्नै नसक्ने दलहरू आज संसदमा आवाज बुलन्द पार्न सक्ने भएका छन् । यस्ता राम्रा र सबल पक्ष हुँदाहुँदै पनि यसको नराम्रा पक्षहरूको अधिकता हाम्रो निर्वाचन प्रणालीमा देखिएको छ । यहाँ राजनैतिक दलहरूका नेतृत्व तहले नेताका पत्नीहरू ल्याउनु, पहिला हारेकालाई स्थान दिनु, अरू पार्टीबाट अवसर खोज्दै आएकाहरूलाई प्रतिनिधि बनाएर पठाएको पाइनु आलोचनाको विषय हो ।

पति सांसद छ भने पत्नीलाई प्रतिनिधि बनाउन नपर्ने धेरैको राय पाइन्छ । किनभने ती परिवारको समस्या सदनमा पुऱ्याउन त पतिहरू छँदैछन् नि । समावेशिताको मर्म धेरैको आवाज संसदमा पुऱ्याउनु नै हो,एउटै घरको व्यक्तिलाई जागिर खुवाउनु होइन । यसले समानुपातिक प्रतिनिधित्वको मर्मलाई पूरा गर्दैन । यस्तै गरी चयन हुदै जाने हो भने अन्य योग्य र सक्षमहरूको पालो आउने देखिँदैन । यस्तै समावेसीको नाउँमा उम्मेदवार चयन गर्दा सम्बन्धित समूहमा भएकामध्ये थोरै भए पनि आफ्नो विचार राख्न सक्नेको छनौट गरिनु पर्छ । सदनभित्र एक शब्द बोल्न नसक्ने,केवल तालीमात्र बजाउने व्यक्तिको छनौट गर्नु हुँदैन । अर्को दलबाट पद नै लिनकालागि आएकाहरूलाई तुरुन्तै स्थान दिँदा पहिलेदेखि दलमा इमानदारिताका साथ काम गर्नेहरूमाथि अन्याय हुन्छ । नेताहरूले यस कुरामा ध्यान पुऱ्याउनु जरुरी छ । त्यस्तै, यस प्रणालीलाई सवल बनाउन प्रत्येक दलका नेतृत्व वर्गले इमानदार र कर्तव्यनिष्ठ कार्यकर्ताको सूची बनाउनुपर्छ । यस्तो सूची दैनिक चाकडीमा आउने, झुठा कुरा बोल्दै नेताका वरिपरि घुमीरहनेहरूलाईमात्र चयन गर्ने परिपाटीलाई हटाएर काममा व्यस्त इमानदार पार्टीप्रति बफादारहरूको चयन गर्न सक्नुपर्छ । हिजो ककसले केके गरेका थिए, आज ती कहाँकहाँ कुन अवस्थामा छन् पत्ता लगाएर पार्टीका इमानदार तर बिचलित भएर हिँडेका कार्यकर्ताहरूको सूची बनाउनुपर्छ र तिनीहरूलाई मूलधारमा फर्काउन सक्नुपर्छ । अनि उम्मेदवार चयन गर्दा कसैले पनि औँला उठाउन नसक्ने परिपाटी निर्माण गर्नुपर्छ । पार्टीभित्र राम्रो गर्नेलाई पुरस्कार र नराम्रो गर्नेलाई दण्डको व्यवस्था

गर्न सक्नुपर्छ । अन्यथा यति राम्रो प्रणाली नेपालमा असफल हुन बेर लाग्दैन । स्मरण रहोस् नेपाली जनताले सैद्धान्तिक तथा प्रतीकात्मक समानुपातिकता हैन व्यावहारिकतामा आधारित समानुपातिकताको चाहना गरेका छन् ।

## सन्दर्भ सूची

**नेपाली**

निर्वाचन आयोग (२०७९), समानुपातिक निर्वाचन नतिजा www.election.gov.np

नेपालको संविधान, २०७२

प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९

**अङ्ग्रेजी**

"Advantages of PRSystem," www.aceproject.org|ace-en|t

"Electoral System"(nd), www. aceproject.org|main|eng

Nepal,Aananda ( 2025). "FULL;32 samanupatik mp of nepali Congress-Arju Deuba,Manju," you tube.com

"Proortional Representation, explained" (2023), www.protectdemocracy,org|n

Proportional Representation (2025) www.britannica.com|topic|pro

Proportional Representation( nd), www.elections.wa.gov.au|site advantages of PRSystem,www.aceproject.org|ace-en|t

Representation (nd), www.parliament,uk\site-infO{r

State Gorvent,Understanding

Ridley-Castle,TheMarch2023). "How maney Countries around the world used proportional representation ?", www.electoral-reform.org.uk\

Engage, UK (August 5,2013). "The Advantages and Disadvantages of using a Propotional Representation Electrol System",www.uk-engage.org \2013\08